# राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बीमासम्बन्धी सूचना !!!

नेपाल सरकारको आ.व.२०७५/७६ को बजेट वक्तव्यमा उल्लेख भएबमोजिम सबै राष्ट्रसेवक कर्मचारीहरूलाई सावधिक जीवन बीमा योजनामा सहभागी गराउनको लागि नेपाल सरकार मन्त्रिपरिषद्को २०७५/८/३ को निर्णयबाट "राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बीमा सञ्चालन कार्यविधि, २०७५" स्वीकृत भई कार्यान्वयनमा आइसकेको जानकारी गराउँदै सो सम्बन्धमा निम्नानुसार गर्न गराउनुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

१. यस बीमा योजनामा निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र सामुदायिक विद्यालयका स्थायी शिक्षकहरू सहभागी हुने छन् ।

२. यो बीमा योजना २०७५ साल श्रावण १ गते बाट सञ्चालन भइरहेको छ ।

३. यस बीमा योजनामा सहभागी हुन २०७५ आषाढ मसान्तसम्म ५० वर्षसम्म उमेर पुगेका राष्ट्रसेवकले वार्षिक रु ९६००।- (नौ हजार छ सय) बीमा शुल्क तिर्नु पर्नेछ र सो भन्दा बढी उमेर भएका राष्ट्रसेवकहरूले तालिकामा उल्लेख भएबमोजिम थप बीमाशुल्क समेत तिर्नुपर्नेछ ।

४. २०७५ साल आषाढ मसान्तसम्ममा रु. ९६००।-जम्मा नभएका र सो भन्दा बढी बीमाशुल्क लाग्ने राष्ट्रसेवकहरूले उमेरअनुसार थप बीमाशुल्क जम्मा गर्नुपर्ने भएमा व्यक्तिगतरूपमा कार्यरत कार्यालयमार्फत नागरिक लगानी कोषबाट सञ्चालित सम्बन्धित निजामती बीमा कोष, नेपाल सैनिक बीमा कोष, नेपाल प्रहरी बीमा कोष, सशस्त्र प्रहरी बल बीमा कोष र सामुदायिक विद्यालयका शिक्षक बीमा कोष शीर्षक रहेका बैंक खातामा रकम जम्मा गरी सोको बैंक भौचर र फाँटवारी ७ (सात) दिन भित्र नागरिक लगानी कोषमा जम्मा गर्नुपर्नेछ ।

५. २०७५ साल श्रावण १ गतेपछि नयाँ नियुक्ति भएका/हुने राष्ट्रसेवकहरूको न्यूनतम (मासिक तलबबाट सम्बन्धित कर्मचारीबाट कट्टा गरिने रु.४००।- र सरकारको तर्फबाट रु.४००।- जम्मा गरी रु. ८००।-) वार्षिक रु ९६००।-तथा उमेरअनुसार कायम हुने बीमाशुल्कको फरक रकम व्यक्तिगत रूपमा एक वर्षको एकमुष्ठ कोषले तोकेका बैंक खातामा दाखिला गरी सोको बैंक भौचर र फाँटवारी ७ (सात) दिन भित्र कार्यरत कार्यालयमार्फत नागरिक लगानी कोषमा जम्मा गर्नुपर्नेछ । आषाढ महिनाको कट्टी भने उक्त महिनाको तेस्रो हप्ताभित्र अनिवार्यरूपमा नागरिक लगानी कोषमा जम्मा गर्नुपर्नेछ ।

६. २०७५ साल श्रावण १ गतेपछि नयाँ नियुक्ति भएका राष्ट्रसेवकहरूले विलम्ब शुल्क समेत तिरी २०७५ श्रावण १ गतेबाट नै यस योजनामा सहभागी हुने वा रु ९६००।-बीमाशुल्क तिरी २०७६ साल श्रावण १ गतेबाट सहभागी हुने भन्ने छनोट गर्न सक्नेछन् ।

७. यस योजनामा सहभागी हुने नयाँ राष्ट्रसेवकहरूको हकमा "राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बीमा संचालन कार्यविधि, २०७५" को अनुसूची १ र २ बमोजिमको कर्मचारीहरूको व्यक्तिगत विवरण सम्बन्धित कार्यालयले नागरिक लगानी कोष र राष्ट्रिय बीमा संस्थानमा पठाउनुपर्नेछ । साथै अनुसूची १ र २ अनुसारको बीमा रकमको फाँटवारी र बैंक दाखिला भौचर मासिक रूपमा नागरिक लगानी कोषमा जम्मा गर्नुपर्नेछ ।

८. सहभागी राष्ट्रसेवकको उमेर अनुसार कायम हुने बीमाशुल्क नागरिक लगानी कोषमा जम्मा नभई राष्ट्रिय बीमा संस्थानमा दाखिला हुन नसकेको अवस्थामा सो बीमा योजनामा सहभागी गराइने छैन । यस अवधिमा कुनै किसिमको घटना घट्न गएमा निजलाई नागरिक लगानी कोषमा जम्मा रहेको रकम मात्र भुक्तानी गरिने छ ।

९. आ.व.२०७५/७६ भित्र समर्पण मुल्य लिन चाहने राष्ट्रसेवकलाई २०७६ जेठ मसान्तभित्र नागरिक लगानी कोषबाट भुक्तानी दिइने र २०७६ आषाढ महिनामा हिसाब मिलान गरी २०७६ श्रावण १ गतेदेखि राष्ट्रिय बीमा संस्थानबाट भुक्तानी गरिनेछ ।

१०. बीमा योजनामा समावेश भई आ.व.२०७५/०७६ मा अवकाश हुने/भएका राष्ट्रसेवकहरूले बीमालेख व्यक्तिगतरूपमा परिणत गर्न चाहेमा राष्ट्रिय बीमा संस्थानमा सम्पर्क राखी २०७६ श्रावण १ गते भित्र व्यक्तिगत रूपमा परिणत गरिसक्नुपर्नेछ ।

११. राष्ट्रसेवक कर्मचारीहरूको ५० वर्षभन्दा बढी उमेर समूहको लागि निम्नानुसार बीमाशुल्क लाग्नेछ ।

| सहभागीको उमेर समूह | बीमा अवधि (वर्ष) | वार्षिक बीमा शुल्क (रु.) | सहभागीको उमेर समूह | बीमा अवधि (वर्ष) | वार्षिक बीमा शुल्क (रु) |
|---|---|---|---|---|---|
| ५० वर्षसम्म | २० | ९,६००।- | ५५ वर्षसम्म | १५ | १२,८००।- |
| ५१ वर्ष | १९ | १०,१०५।- | ५६ वर्ष | १४ | १३,७१४।- |
| ५२ वर्ष | १८ | १०,६६७।- | ५७ वर्ष | १३ | १४,७६९।- |
| ५३ वर्ष | १७ | ११,२९४।- | ५८ वर्ष | १२ | १६,०००।- |
| ५४ वर्ष | १६ | १२,०००।- | ५९ वर्ष | ११ | १७,४५५।- |

**राष्ट्रिय बीमा संस्थान**
प्रधान कार्यालय,
रामशाहपथ, काठमाडौं, फोन नं. ०१-४२६२५२०, ०१-४२६२५७५

**नागरिक लगानी कोष**
बीमा कोष योजना महाशाखा
नयाँबानेश्वर, काठमाडौं, फोन नं. ०१-४७८५३१९, ०१-४७८५३२१